इन्द्रसरोवरले प्रशासकीय भवन बनाउने । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-०७ ● २०७८ भदौ १४ गते सोमबार, ● 30 Aug. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## नियमनकारी निकाय मौन उपभोक्ता मारमा



साँकेतिक फोटो: गुगलबाट

◆ विकास संवाददाता

कोभिड-१९ को दोस्रो लहर फैलिएयता मकवानपुर जिल्लास्थित नियमनकारी निकायले बजार अनुगमन नगर्दा आम उपभोक्ता मारमा परेका छन् । नियमनकारी निकायले बजार अनुगमन नगर्दा व्यवसायीले कतै कम तौल, कतै म्याद गुज्रेका सामग्री बिक्री वितरण गरेको उपभोक्ताहरूले गुनासो गरेका छन् । नियमित हुनुपर्ने बजार अनुगमन अत्यन्तै कम मात्रामा हुँदा हेटौंडा बजार तथा ग्रामीण क्षेत्रका उपभोक्ता गुणस्तरहीन तथा मापदण्ड बाहिरका सामग्री प्रयोग गर्न बाध्य छन् ।

जिल्लामा बजार अनुगमन गर्न जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, उद्योग वाणिज्य संघलगायत विभिन्न उपभोक्तावादी संघ संस्था छन् । भने स्थानीय तहमा स्थानीय तह स्तरीय अनुगमन समिति छन् । तर नियमनकारी निकाय मौन बस्दा उपभोक्ता मारमा परेका छन् ।

यस्तै जिल्लास्तरमा उपभोक्ताका पक्षमा निरन्तर काम र वकालत नहुँदा सरकारी निकायले अनुगमन तथा कारबाहीमा पर्याप्त चासो दिएका छैनन् । जसका कारण उपभोक्ता मारमा परेका छन् ।

हेटौंडा बजारमा कतै कम तौल, कतै म्याद गुज्रेका सामग्री बिक्रीबितरण बढेको छ । एक त विरलै मात्र हुने गरेको बजार अनुगमन महामारी र निषेधाज्ञाले ठप्प छ, यस्तो अवस्थाको फाईदा उठाउँदै व्यवसायीले उपभोक्ता ठग्ने गरेको र उपभोक्ता मारमा पर्ने गरेका धेरै उदाहरण यस अघि पाईएका छन् ।

सामान्य त बिक्री गर्ने सामग्री सधैँ तराजुमा एकातर्फ राखी तौल लिई बिक्री गर्ने र यस क्रममा निर्धारित तौलभन्दा कम मात्रै सामग्री उपभोक्तालाई दिने गरेका छन् । भने, कतिपय प्याकिङ गरिएका सामग्री निर्धारित तौल कम भएका तथा तराजुमा समेत नियमविपरीत कम तौललाई बढी मानी बिक्री गर्ने कार्यले उपभोक्ता ठगिन बाध्य रहेको ए उपभोक्ताले नाम उल्लेख नगर्ने सर्तमा बताए ।

खाद्य सामग्रीमा भने उपभोक्ताको स्वास्थ्यमा असर पार्ने गम्भीर कमजोरी व्यवसायीबाट भइरहेको पाइएको ती उपभोक्ताले बताए । बजार अनुगमन नहुँदा धेरै खाद्य सामग्री म्याद गुज्रिए पनि बिक्रीका लागि राखिएको र बिक्री भइरहेको उनले बताए । म्याद हेरेर खरिद गर्नेलाई त ठिकै हो तर पढ्न नसक्नेहरू यसको मारमा पर्ने गरेको उनले बताए । बन्दाबन्दी र निषेधाज्ञाका कारण सहज खरिद बिक्रीको वातावरण नभएको मौकामा व्यवसायीले म्याद गुज्रिएका सामग्री बिक्री गरेको उनले बताए ।

व्यवसायीहरूले भने खाद्य सामग्री उपभोक्ताको माग बमोजिम ल्याउने गरिएको तर बिक्री नहुँदा फिर्ता गर्न नसकिएको, एकदमै छोटो म्याद भएका खाद्य सामग्री खरिद गरी बिक्री गर्नुपर्ने बाध्यता रहेको गुनासो गरेका छन् । निषेधाज्ञामा सामग्री पाउन मुस्किल भएका बेला उपभोक्ताले पनि प्रयोगको म्यादबारे हेक्का नराख्नु र कतिपय व्यवसायीमा व्यावसायिक मर्यादा र कानुनी प्रबन्धबारे जानकारी नहुँदा बिषेश गरि ग्रामीण क्षेत्रमा यस्तो समस्या रहेको बताए ।

बजार क्षेत्रका व्यवसायीले सकेसम्म यस्ता कुरामा ध्यान दिने गरेको भए पनि कतिपय अवस्थामा हेर्न नभ्याउँदा र ग्रामीण क्षेत्रमा यस्तो समस्या रहेको हुन सक्ने ती व्यवसायीले बताउनुभयो । यसक साथै उपभोक्ता ठग्ने व्यापारीलाई पहुँचका भरमा कारबाही नगरी उन्मुक्ति दिने, ठूला व्यवसायलाई छाडेर स-साना व्यवसायमा मात्र अनुगमन केन्द्रित हुँदा समेत अनुगमन प्रभावकारी बन्न नसकेको उनले बताए ।

### थाहानगरको गौरवको योजना

## अझै बनेन 'शीतभण्डार'



विकास संवाददाता
थाहा नगर

कोभिड-१९ महामारीका कारण मकवानपुर उत्तरी क्षेत्रको थाहा नगरपालिकामा निर्माणाधीन शीतभण्डार (कोल्ड स्टोर) निर्माण कार्य योजना अनुसारको गतिमा निर्माणमा तिव्रता दिन सकिएको छैन । मकवानपुरको थाहानगरमा उत्पादित तरकारी लामो समयसम्म टिकाइराख्न अघि बढाइएको शीतभण्डार निर्माणमा खटिएका मजदुरलाई कोभिड संक्रमणहुने लगायतका कारणले निर्माण कार्यमा बाधा उत्पन्न भएको हो ।

कात्तिक ०७५ बाट निर्माण थालिएको शीतभण्डार गत वर्ष नै सञ्चालनमा ल्याउने गरी काम अघि बढे पनि भारतीय र स्वदेशी मजदुरलाई कोरोना संक्रमण हुँदा समयमै सुचारू गर्ने अवस्था नभएको नगरप्रमुख लबशेर विष्टले बताए । शीतभण्डार नहुँदा वर्षौंदेखि थाहाका किसानले भोग्दै आएको समस्या करिब १ वर्ष समाधान नहुने पनि निश्चित भएको छ ।

समयमै निर्माण नहुने भएपछि यस क्षेत्रका करिब ८५ प्रतिशत किसान थप प्रभावित भएका छन् । अन्यत्र भण्डारण गर्दा एक किसानले ५० किलोको ६ सय रूपैयाँसम्म तिनुपर्ने बाध्यकारी अवस्थाका कारण ठूलो आर्थिक भार खेप्नुपरेको नगर प्रमुख विष्टको दाबी छ ।


विष्टका अनुसार आगामी भदौबाट सञ्चालनमा ल्याउने उद्देश्यले कात्तिक ०७५ बाट शीतभण्डार निर्माण सुरू गरिएको थियो । काम रोकिएका कारण शीतभण्डार ०७८ बाट मात्र सञ्चालनमा आउने भएको छ । 'कोरोना महामारीका कारण शीतभण्डार समयमै निर्माण नहुने पक्का छ ।' उनले भने, 'यस्तो हुँदा अझै एक वर्ष शीतभण्डार सञ्चालनमा ल्याउन सक्ने अवस्था छैन, जसका कारण यहाँका ८५ प्रतिशत किसान प्रभावित हुनेछन् ।'

जिल्लाको थाहानगर, कैलाश र इन्द्रसरोवर गाउँपालिकामा उत्पादित तरकारी भण्डारणका लागि निर्माणाधीन शीतभण्डार सञ्चालनमा आएपछि त्यस क्षेत्रका शतप्रतिशत किसान लाभान्वित हुने विष्टले बताए । जिल्लामै सबैभन्दा बढी कृषि उत्पादन हुने भएकाले सुरक्षित भण्डारणका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बागमती प्रदेशको अनुदान र त्यस क्षेत्रमा सञ्चालित २७ वटा सहकारीको लगानीमा शीतभण्डार निर्माण सुरू गरिएको हो ।

१५ करोड ८७ लाख लागत अनुमान गरिएको शीतभण्डार निर्माणका लागि ११ करोड ४७ लाख रूपैयाँमा ठेक्का दिइएको छ । मन्त्रालयबाट ७० प्रतिशत अनुदान र सहकारीबाट ३० प्रतिशत लगानी हुने मेयर विष्टले जानकारी दिएरू। मन्त्रालयले ८ करोड ३ लाख रूपैयाँ अनुदान दिएको छ ।

थाहाका २४ हजार सहकारी सदस्यहरूले शीतभण्डार भाडामा लिएर प्रयोग गर्ने र सोही भाडाबाट सञ्चालनको लागत व्यहोर्ने योजना बनाइएको छरू। विद्युत् र पक्की सडकको सहज उपलब्धता हुने क्षेत्र भएका कारण सञ्चालनमा कुनै समस्या नहुने विष्टले बताए । शीत भण्डार निर्माण कार्यका लागि थाहाका विभिन्न २७ सहकारी संस्थाहरूले सामुहिक लगानी गरेका छन् । शीतभण्डार निर्माण गरी विशिष्टीकृत सहकारी संस्था लि. ले संचालन गर्ने सम्झौता छ । हाल थाहा नगरपालिका, विशिष्टीकृत सहकारी संस्था लि. र बागमती प्रदेश सरकारको लगानीमा शीतभण्डार निर्माण कार्य भैरहेको छ ।

शीतभण्डार नहुँदा यस क्षेत्रका करिब ८५ प्रतिशत किसानले समस्या भोग्नुपरेको नगर प्रमुख विष्टको भनाइ छ । अन्यत्र भण्डारण गर्दा एक किसानले ५० किलोको ६ सय रूपैयाँसम्म तिनुपर्ने बाध्यकारी अवस्थाका कारण ठूलो आर्थिक भार खेप्नुपरेको जानकारी दिए। शीतभण्डार सञ्चालनमा आएपछि एकपटकमा १७ सय मेट्रिक टन भण्डारण गर्न सकिने र सात महिनासम्म राख्न सकिने विष्टले जानकारी दिए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# तिरस्कृत किसान र कृषि कर्जा



लक्ष्मण सिटौला

*अहिले आएर हाम्रो कृषि आफ्नो मूल रूपबाट विचलित भइरहेको छ र यसको बाबजुद पनि हाम्रा धेरै किसानहरु आफ्नो परम्परागत पेसामा अविचलित लागि नै रहेका छन् ।*

प्रकृति र भू-बनोटको हिसाबले नेपालको सिंगो आत्मा गाउँमा बस्छ । एक तथ्यांकअनुसार नेपालको कुल जनसंख्याको ८६ दशमलव १ प्रतिशत ग्रामीण क्षेत्रमा बसोबास गर्छन्, जहाँ जीविकोपार्जनको मुख्य साधन कृषि र पशुपालन हो । ग्रामीण जनताको जीविकोपार्जनको यो माध्यमको निरन्तर अस्तित्वको लागि ठूलो चुनौतीहरू छन्, यसको मुख्य कारण कृषि क्षेत्रहरूमा प्रचलित विभिन्न प्रकारका जोखिमहरू हुन यो जोखिम साना किसानहरूको लागि उच्च छ, कृषि क्षेत्र मनसुनमा निर्भर छ, यदि मनसुनको साथ छैन भने, सिँचाइ योजनाको मात्रै भरले कृषि उत्पादनमा खासै प्रगति हुने सम्भावना छैन । हाम्रो मुख्य खाद्यान्न धान गहुँ र मकै नै हो ।

केही वर्षअघिसम्म कोदो पनि मुख्य बालीको रूपमा परिचित थियो । अहिले यो लोपोन्मुख अवस्थामा छ । कोदोको वैज्ञानिक परीक्षण र यस्को उन्नति र बाली सुधारमा कृषि मन्त्रालयले ध्यान दिन सकिरहेको छैन । अहिले त कोदो समेत भारतबाट आयात हुन्छ। हिमालय रेन्जमा पाइने मुख्य खाद्यान्नमा कोदो, फापर, चिनो, कागुनो, उवा, जौ, लट्टेजस्ता रैथाने बाली नै हुन् । यी बालीहरूको सुरक्षा गर्न सरकारले कुनै ठोस कदम चालेको छैन । लुक्लामा आलुलाई मुख्य खाद्यान्नका रूपमा लिइन्छ । जुन क्षेत्रमा जुन बाली राम्रोसँग फस्टाउँछ त्यहाँ त्यही नै बालीर्ला मुख्य बालिको रूपमा लिइन्छ ।

हिमाली भेगमा आलु नै मुख्य खाद्यान्न बालीको रूपमा लिइन्छ । त्यहाँ आलुको भात, आलुकै दाल, आलुकै तरकारी र आलुकै अचार बनाएर खाइन्छ । पहाडी भेगमा मुख्य बालीको रूपमा सम्मान पाएको कोदो लोपोन्मुख हुनुमा कृषि विभाग जिम्मेवारी छ। अब यो बाली बचाउन गाह्रो छ । कोदो अहिले पनि पहाडी भेगमा कहीँ कतै रोपेको देखिन्छ जब कि आजभन्दा १५-२५ वर्षअघिसम्म ग्रामीण भेकका मानिसहरूको मुख्य खाद्यान्नको रूपमा परिचित थियो । हिजोआज कोदोको ढिडो खान सहरको भीआईपी रेस्टुरेन्टमा जानुपर्छ । पहिले गरिब गाउँलेले खाने कोदो अहिले उच्च वर्गले खान्छन् ।

परम्परागत बालीहरूको सुरक्षा हाम्रा किसानहरूको सार्वभौमिक समस्याको रूपमा आउन थालेको छ । कोदो हराउने स्थितिमा पुग्यो भने अब मकै पनि त्यही अवस्थामा नपुग्ला भन्ने छैन । खास गरेर महँगो कृषि उपकरण, मल बीउ, सिँचाइ प्रणालीको बोझ किसानहरूको लागि असहनीय हुन्छ, यस्तो स्थितिमा किसानहरू आफ्नो व्यवसायको लागि उदासीन बन्छन् । हाम्रो कृषिमा कुनै राष्ट्रिय नमूना सर्वेक्षण पनि छैन ।

विविध समस्याका कारण किसानहरू खेती छोडेर अन्य वैकल्पिक रोजगारीमा जानुपर्ने बाध्यता छ किनकि कृषिलाई गरिब परिवारको पेसा भनेर सरकारले नै हेला गरेको छ । उत्पादनको मूल्य नपाउनु, राज्यले किसानको हितमा कुनै नयाँ योजना नल्याउनु, हरेक वर्ष प्राकृतिक प्रकोपका कारण उत्पादनमा ह्रास आउनु, किसानका छोराछोरी गरिबीका कारण वैदेशिक रोजगारीमा जानु, सिँचाइ मल र उन्नत जातको बीउबिजनको अभावका कारण कृषि पेसाले युगीन परिवर्तन पाउन सकिरहेको छैन । एउटा व्यापारिक क्षेत्रबाट आएको मान्छे कृषि मन्त्री हुन्छ। जसले कृषि बुझेको हुँदैन ऊ कृषिमन्त्री भएर आउँछ अनि कसरी हुन्छ कृषिमा उन्नति । सामान्यतया, किसानहरूलाई एक निश्चित मूल्य तिरेर उत्पादन किन्नको लागि आश्वासन दिइन्छ, तर बदलामा उनीहरूको उत्पादनको मूल्य कम राखेर खरिदबिक्री गर्न दलाल गाउँ पस्छन् । जसको कारण किसान कम मूल्यमा गाउँहरूमा सजिलै उपज बेच्न बाध्य छन् । यो पक्कै अन्याय र किसानहरूको शोषण हो । किसानहरू शताब्दीयौँदेखि आम जनताबाट सत्तामा रहेका जनताहरू को लागि आफ्नो पेटको संरक्षकको रूपमा सम्मानित छन् । व्यवहारमा उनीहरूको अवस्था अत्यन्तै नाजुक छ । आज सबै प्रकारको डर लाग्दो तस्बिर खाद्य सुरक्षाको बारेमा पनि छ ।

हामी खाद्य संकटको बारेमा गम्भीरतापूर्वक कहिले पनि सोच्दैनौँ साथै यसको उत्पादकको लागि हाम्रो नीतिहरू सन्तोषजनक छैन । सरकारले किसानहरूको लागि धेरै योजनाहरू निर्धारित गरे पनि ती योजनाहरू कहिले पूरा भएका छैनन् जसको कारण किसानहरू सधैँ दुखी देखिन्छन् । अहिलेसम्म पनि उखु किसानले आफ्नो मूल्य पाएका छैनन उनीहरू हरेक वर्ष काठमाडौँ आउन बाध्य छन नेपाल सरकारले वित्तीय एकीकरणका बारेमा कहिले पनि बुझ्न चाहेन । किसान त नागरिक नै होइनन् भन्ने भ्रममा छ नेपाल सरकार ।

किसानहरू अझैसम्म पनि उच्च ब्याज दरमा साहुहरूबाट ऋण लिन बाध्य छन् । बैंकले किसानलाई सजिलोसँग ऋण दिँदैन । राष्ट्र बैंकको नीति निर्देशन त सरकारी बैंकले पनि पालना गरेका छैनन् । राजनीतिक पूर्वाग्रहबाट बैंक समेत प्रभावित छन् । किसानले होइन एउटा राजनीतिक कार्यकर्ताले बैंकको सहुलियत ऋण पाउँछ र पाइरहेको अवस्था छ । यसको विकल्पको रूपमा किसानहरूलाई छोटो अवधिमा सुविधाजनक ऋण उपलब्ध गराउने उपाय के छ त्यो बारेमा बहस हुनुपर्छ अब । यसबाहेक, बाली बीमा योजना पनि जोखिमको एक विकल्पको रूपमा लागू हुनुपर्छ किनकि उन्नत धानको बीउ भनेर रोज्दा कहिलेकाहीँ त्यो बीउबाट धान नै फल्दैन । किसानले भोकै हुने दिन पनि आउन सक्छ कुनै बेला । यो अवस्था नआओस् भन्ने हेतुले पनि कृषि बीमा अनिवार्य गर्नुपर्छ सरकारका माध्यमबाट ।

नेपालका किसानहरूले आफ्नो वित्तीय आवश्यकताहरूलाई पूरा गर्न सरकारका माध्यमबाट वित्तीय व्यवस्थापन हुनु जरूरी छ । धेरैभन्दा धेरै किसानहरूलाई सहुलियत रूपमा कृषि ऋण प्रदान गर्न सकियो भने नेपाल एक दिन खाद्यान्नमा आत्मनिर्भर हुने दिन आउन सक्छ । ऋण दिँदैमा उत्पादन बढ्ने त होइन। तर यसबाट किसानको मनोबलचाहिँ बढ्न सक्छ । नेपालका सयौँ गाउँपालिकामा वित्तीय सेवाहरू पुग्नको लागि र किसानहरूको आवश्यकतालाई पूरा गर्नको लागि, सरकार स्वयंले सहायता समूह गठनलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ। कृषि सहकारी बैंक, हुलाक कार्यालय किसान बचत क्लब आदिको स्थापनामा वित्तीय समावेशीकरणलाई बजेटमार्फत नै सम्बोधन हुनुपर्छ ।

किसानलाई ध्यानमा राखेर स्थापना गरिएको कृषि बिकास बैंकहरू पनि अहिले सेवा होइन नाफामा मक्ख छन् । ती बैंकहरू किसानको आवश्यकता पूरा गर्न गठन भएका त थिए तर अहिले आएर सेवा दिन होइन उल्टो किसानबाट लुट्नमा व्यस्त छन् उनीहरू । अपेक्षित उपलब्धिहरूको बारेमा भन्न सकिने खासै त्यस्ता कुराहरू केही पनि छैनन्। कृषिप्रधान देश हामी तर खाद्यान्नमा हामी दोस्रो मुलुकमा आश्रित छौँ भने खै कहाँ भयो त कृषि उन्नति ? यसमा धेरै प्राविधिक र व्यावहारिक कारणहरूको कारण अपेक्षाबमोजिम उपलब्धि हासिल हुन सकेको छैन ।

केवल वित्तीय समावेशीकरणअन्तर्गत हामी नयाँ नीति लागू गर्न सक्छौँ, कृषि खाता किसानहरूलाई बैंकहरूसँग जोड्ने गरी खोल्न सकिन्छ, जसमा बैंकहरूलाई किसानको बीच एक लिंकको रूपमा प्रयोग गर्न सकिन्छ । यदि उत्पादन खाद्य सस्थाद्वारा किनेको छ र यसको भुक्तानी बैंकहरूबाट सिधै लाभार्थी किसानलाई प्राप्त हुन्छ, तब यो एक राम्रो भ्रष्टाचार मुक्त प्रणाली साबित हुन सक्छ । यो एक सुविधाजनक बजार उपस्थिति सिर्जना गर्दा अवाञ्छित बिचौलियाको जोखिमबाट बचाउँछ। धेरैजसो किसानहरू यी बिचौलियाहरूको जालमा फस्दै आफ्नो मिहिनेत र उत्कृष्ट उत्पादनको उचित मूल्य पाउन सक्दैनन् र सरकारी नीतिहरू पछाडि परेका छन् ।

खाद्य संकटको त्रासदी निदान गर्नको लागि हामीले किसानका सपनाहरूलाई पूरा गर्नुपर्ने हुन्छ । हामीले हाम्रा किसानहरूलाई खाद्य उत्पादन गर्ने कारखाना मात्रै सोच्ने हो भने यो देशमा योभन्दा अभिशाप अरू के हुन सक्ला र ? हाम्रा परम आदरणीय किसानहरूको हितमा हामीले केही नौलो काम गर्ने हो भने भूमिमा किसानको अधिकारको सुनिश्चित गरिनुपर्छ । कृषि वैज्ञानिकहरूलाई सम्मान र अनुसन्धानको अवसर प्रदान गरिनुपर्छ । अहिले आएर हाम्रो कृषि आफ्नो मूल रूपबाट विचलित भइरहेको छ र यसको बाबजुद पनि हाम्रा धेरै किसानहरू आफ्नो परम्परागत पेसामा अविचलित लागि नै रहेका छन् ।

किसानहरू आफ्नो वित्तीय अधिकार सुनिश्चित गर्न चाहन्छन उनीहरूमा शिक्षाको अभाव छ । उनीहरू आफ्नो सामान्य अधिकारको उपयोग गर्नको लागि समेत सक्षम छैनन्, यसको लागि, सरकारी योजनाहरू सही तरिका र माध्यमबाट प्रसारण गरिनुपर्छ र शिक्षाको पहुँचलाई सहज र गुणस्तरीय बनाउनुपर्छ। किसान शिक्षा लागू गरेर नेपालका हरेक ग्रामीण इलाकामा बैंकको पहुँच र किसानहरूलाई कृषि तालिम दिनु जरूरी छ । सामान्य कानुनको जानकारी, कृषि पेसालाई आधुनिकीकरण गर्ने नयाँ ज्ञान दिनु राज्यको दायित्व हो । यदि किसानको हितमा काम गर्ने हो भने नेपालबाट युवाहरू वैदेशिक रोजगारीका विदेश पलायन हुँदैनथे ।

## • सम्पादकीय •

### कृषि बीमा: संघको कटौती, थाहाको भरथेग

**नेपाल कृषि प्रधान देश । हामीले सुन्दै पढ्दै आएको कुरा पनि यहि नै हो । कृषिको प्रवर्द्धन र आधुनिकीकरणका लागि सरकारले प्राथमिकतामा राख्नू पर्ने हो तर त्यसको साट्टो कृषि तथा पशुपक्षी बीमामा दिँदै आएको अनुदान २५ प्रतिशत विन्दुले घटाएको छ । सरकारले ५ वर्षदेखि कृषिबीमामा लाग्ने बीमा शुल्कमा ७५ प्रतिशत अनुदान दिँदै आएको थियो । तर, चालू आर्थिक वर्ष २०७८/०७९ मा भने ५० प्रतिशतमात्र अनुदान दिने भएको छ । कृषि बीमा व्यापक नबनिसकेको अवस्थामा यसरी अनुदान घटाउँदा कृषिक्षेत्रमा बीमा कम हुन्छ र यस क्षेत्रमा आउने लगानी प्रभावित हुन सक्छ । सरकारले कृषिबीमामा अनुदान दिए पनि त्यसको बारेमा धेरै कृषकले थाहा पाएका छैनन् । थाहा पाए पनि कृषिबीमा कसरी गर्ने भन्ने जानकारी नहुँदा उनीहरू जोखिम बेहोर्न बाध्य छन् । कृषिक्षेत्र सबैभन्दा जोखिमयुक्त व्यवसाय हो । कृषि र मौसमको सम्बन्ध हुन्छ । मौसमको भविष्यवाणी अझै पनि सही रूपमा हुन सकेको छैन । यस्तो हुँदा कृषि क्षेत्रमा कृषकहरूले अप्रत्याशित नोक्सानी बेहोर्नुपरिरहेको छ । बीमाबाट यस्तो क्षतिको रक्षावरण हुन सक्छ । त्यसैले कृषिबीमामा आकर्षित गर्न अनुदान दिने नीति ल्याइएको हो । तर, कृषिबीमामा व्यापकता नआउँदै यसलाई कम गर्दै लैजाने हो भने कृषिबीमामा अनुदान दिने नीतिको औचित्य प्रमाणित हुन सक्दैन । बीमा अनुदानमा सरकारी कोषबाट ठूलो रकम खर्च भएको पनि देखिँदैन । यस्तोमा कृषि बीमामा अनुदान घटाउन सरकारले किन आवश्यक देखेको हो बुझ्न सकिँदैन ।**

**सरकारले मलखादलगायत शीर्षकमा दिइने अनुदानको व्यापक दुरुपयोग भइरहेको छ । यसबारे विभिन्न समितिले समग्र रूपमा र क्षेत्रगत रूपमा समेत अध्ययन अनुसन्धान गरेको पाइन्छ । सरकारले २०७५ सालमा गरेको एक अध्ययनअनुसार सरकारले प्रदान गरेको कृषि अनुदान पहुँचवाला तथा टाठाबाठाले मात्रै प्राप्त गरेको देखाएको थियो । युवा कृषि उद्यमीहरूले समेत सरकारले दिएको अनुदान प्राप्त गर्न नसकेको तर पहुँचवालाहरूले नक्कली कागजात बनाएको भरमा अनुदान लिएको समेत पाइन्छ । कृषिबीमामा भने अनुदानको दुरुपयोग भएको देखिँदैन र यसबाट व्यावसायिक खेती गर्ने किसान लाभान्वित भएको देखिन्छ । त्यसैले कृषि बीमामा अनुदान घटाउनु हालको अवस्थामा उपयुक्त देखिँदैन । यो किसानमाथि ठूलो अन्याय पनि हो ।**

**कृषिबीमामा मोरल हजार्ड भनिने जोखिम धेरै छ । त्यसो हुँदा बीमा कम्पनीहरू कृषिबीमाका लागि त्यति आकर्षित हुने गरेको पाइँदैन । यति हुँदाहुँदै पनि सरकारले अनुदान घटाएको छ । सरकारले यसअघि ७५ प्रतिशत अनुदान दिँदै आएको थियो । अहिले ५० प्रतिशतमा झारेको छ । यस सम्बन्धी अनुदानमा घटाउनै परे पनि ७५ प्रतिशतबाट थोरै २/५ प्रतिशत घटाउनु ठीकै हुन्थ्यो तर ५० प्रतिशतमा झार्नु अनुपयुक्त नै देखिन्छ । सरकारले खाद्य भण्डारण आदिमा अनुदान दिइएकाले बीमामा अनुदान घटाएको बताएको छ । ती क्षेत्रमा अनुदान ठीक भए पनि बीमाचाहिँ जोखिम कम गर्न बढी आवश्यक हो भन्ने बिर्सनु हुँदैन । यसमा केही मात्रामा भरथेग गर्न मकवानपुरको थाहा नगरपालिकाले किसानलाई बीमामा अनुदान दिने वार्षिक कार्यक्रम राखिनू भने सकारात्मक पहल हो । यसरी बजेटको व्यवस्था गरिनू जनप्रतिनीधीले जनमुखी बजेट ल्याएको महशुस गर्न सकिन्छ ।**

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा


| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# राती अबेरसम्म बस्दा मुटु स्वास्थ्यका लागि के हुन्छ ?



राम्रो निद्रा राम्रो स्वास्थ्यका लागि महत्वपूर्ण छ । समयमा राम्रो निद्रा लिँदा मात्र हाम्रो शरीरले मात्र तपाईंको शरीरलाई आराम दिन्छ । यदि तपाईं दैनिक पर्याप्त निद्रा लिनुहुन्न वा सही समयमा सुत्नुहुन्न भने यसको असर स्वास्थ्यमा देखिन्छ ।

समयमा नसुत्नुको असर मुटुसम्म पर्न सक्छ । राति ढिलोसम्म नसुत्नाले मुटु रोगको खतरा बढ्छ । हरेक दिन सही समयमा नसुत्नु वा राति ढिलोसम्म नसुत्दा मोटोपना, मुटु रोग र मधुमेह जस्ता दीर्घ रोगको जोखिम पनि बढी हुन्छ ।

**अबेरसम्म नसुत्दा हुने समस्याहरू:**

राति ८ घण्टाभन्दा कम सुत्नु शरीर र स्वास्थ्य दुवैका लागि फाइदाजनक मानिँदैन। जो मानिसहरू राति ढिलोसम्म बस्छन् र पर्याप्त निदाउँदैनन् उनीहरू मुटुको गम्भीर समस्याहरूको जोखिममा पर्छन्। यस्ता मानिसहरूमा रक्तचाप, हृदयघात जस्ता गम्भीर रोगहरू पनि हुन सक्छ । यसबाहेक रक्तचाप घट्नु सास फेर्न गाह्रो हुनु जस्ता समस्या पनि देखिन्छ । यसबाहेक राति ढिलासम्म ननिदाउनु र कम सुत्नुका बेफाइदाहरू निम्मानुसार छन् ।

**१. उच्च रक्तचापको जोखिम**

राति ढिलो गरी उठ्नाले तपाईं उच्च रक्तचापको जोखिममा पर्नुहुन्छ । सामान्यतया, रक्तचाप निद्राको समयमा घट्छ, तर जब तपाईं राति अबेरसम्म जागा रहनुहुन्छ भने रक्तचाप शरीरमा उच्च नै रहन्छ। यस्तो अवस्थामा शरीरमा लामो समयसम्म उच्च रक्तचापको समस्या बढ्ने जोखिम हुन्छा ।

**२. हृदयघातको जोखिम**

पर्याप्त निद्रा नपुग्दा मानिसलाई हृदयघातको खतरा बढ्छ । राति ढिलोसम्म बस्ने वा पर्याप्त निद्रा नपुग्नेहरूलाई हृदयघातको उच्च जोखिम हुन्छ । यसको कारण यो हो कि राति ढिलोसम्म जागै र हँदा व्यक्ति उच्च रक्तचाप र मधुमेहको समस्याबाट ग्रस्त हुन सक्छ, जुन हृदयघातको सबैभन्दा ठूलो कारण मानिन्छ।

**३. हृदय फेलियर (विफलता)को जोखिम**

पर्याप्त निद्रा नपुग्दा मुटुरोगको साथै अन्य गम्भीर मुटु रोगहरू निम्तिन सक्छ । राति ढिलोसम्म बस्नु मुटुको स्वास्थ्यका लागि गम्भीर मानिन्छ। मुटु स्वस्थ राख्नका लागि दैनिक पर्याप्त निद्रा लिनु आवश्यक छ । जो मानिसहरू राति ढिलोसम्म बस्छन् वा राति कम सुत्छन् भने उनीहरूमा हृदय विफलताको जोखिम बढ्छ ।

**४. कम निद्राले बढाउन सक्छ सीआरपी या सीरिएक्टिभ प्रोटिन**

राति ढिलोसम्म बस्नु वा कम सुत्नका लागि त्यहाँ मुटुसँग सम्बन्धित गम्भीर समस्याहरू छन् । यदि तपाईं पर्याप्त निद्रा पाउनुहुन्न भने तपाईंमा तनाव र दुखाइको महसुस गराउँछ । शरीरमा सीआरपी वा सी–रिएक्टिभ प्रोटिन बढेर गम्भीर मुटु रोग लाग्न सक्छ । यसको कारण, हृदयघात जस्ता गम्भीर समस्याहरूको सामना गर्नुपर्ने हुन सक्छ । त्यसैले पर्याप्त निद्रा मुटु र शरीरलाई स्वस्थ राख्नको लागि महत्वपूर्ण छ ।

# बालबालिकालाई पनि डिप्रेसन हुन्छ, यस्ता छन् थाहा पाउने तरिका !

घर–व्यवहारको झन्झट, अनेक झमेला, रोग, खराब सम्बन्ध, कमजोर आर्थिक स्थिती आदिको कारण मान्छेमा चिन्ता बढ्छ । चिन्ताको चरम रूप हो, डिप्रेसन ।

अहिले विश्वमै जटिल समस्याको रूपमा देखिदैछ, डिप्रेसन । यो मानसिक विकारले धेरैलाई मनोरोगी बनाएको छ । दुःखलाग्दो त के छ भने, यस्तो समस्या प्रौड, वयस्क वा युवाहरूमा मात्र होइन, बालबच्चामा समेत देखिएको छ ।

बच्चालाई किन डिप्रेसनले गाँजिरहेको छ त ? यसका एकमात्र कारण छैन । वर्तमान अवस्थामा एकल पारिवारिक संरचनादेखि विद्यालयको व्यवहारले समेत उनीहरूलाई यस किसिमको जोखिममा पारिरहेका छन् । पढाईको बोझ, अभिभावकको अपेक्षा अदि कारण बच्चाहरूमा डिप्रेसन देखिएको बताइन्छ ।

डरलाग्दो अवस्था त के छ भने, डिप्रेसनको कारण बच्चाहरू आत्महत्या गर्न समेत उक्सिने गरेका छन् । अहिले विश्वमै यस्तो प्रवृत्ति बढिरहेको छ ।

जब बच्चालाई डिप्रेसनले गाँज्न थाल्छ, उनीहरूमा अस्वभाविक परिवर्तन देखिन थाल्छ । उनीहरू एकोहोरो हुने, जिद्दी गर्ने, कहिले खानामा मन नै नगर्ने, कहिले औधी खाने, कहिले एक्कसी रमाउने, कहिले रिसाउने, झर्कने गर्छन् ।

बच्चाहरू स्वभावैले चञ्चल हुन्छन् । जिज्ञासु हुन्छन् । सानो कुरामा खुसी हुन्छन् । सानो कुरामा दुखी हुन्छन् । सुख, दुख सबैकुरा उनीहरू खुलेर व्यक्त गर्छन् । तर, जब बच्चालाई डिप्रेसनले गाँज्छ, उनीहरूमा यस्ता स्वभाविक प्रतिक्रिया नदेखिन सक्छ ।

**बच्चामा डिप्रेसनको लक्षण**

-खानपिन, पढाई वा खेल्नमा खासै रूची नदेखाउने ।
-अनावश्यक खुसी हुने वा दुखी हुने ।
-कुनै कारणबस् रूने ।
-सधै मुड खराब रहनु । अक्सर रिसाइरहनु ।
-परिवारका सदस्यसँग आवेशपूर्ण व्यवहार गर्ने ।
- बेचैन रहनु ।



-धेरै घरबराउनु ।
-अरूसँग घुलमिल नहुनु ।
-एकान्तमा बस्न रूचाउनु ।

**अब के गर्ने त ?**

बच्चालाई डिप्रेसन भएमा के गर्ने ? माथि उल्लेखित लक्षण देखिएमा के गर्ने ? यसका लागि अभिभावकले एकदमै सर्तक हुन जरूरी छ ।

बच्चालाई डिप्रेसनबाट मुक्त दिलाउनका लागि अभिभावक, घर परिवारले विशेष पहल गर्नुपर्छ । यसका लागि बच्चाको रूची र चाहना अनुसार यस्तो काम गर्नुपर्छ, जसले उसलाई खुसी तुल्याउन सकियोस् ।

पढाईको वोझ दिने, जवरजस्ती पढ्न लगाउने जस्ता गतिविधिले थप जटिलता पैदा गर्छ । यदी विद्यालय वा होमवर्कको कारण उनीहरू चिन्तित छन् भने त्यसको समाधान खोज्नुपर्छ । अहिलेका विद्यालयहरूले बालबालिको अवस्था अनुरूप सही ढंगले परामर्श दिने वा व्यवहार गर्ने गरेको पाइदैन । यदी त्यस्तो व्यवहार र वातावरण विद्यालयमा छ भने, त्यस्ता विद्यालयमा बच्चालाई पठाउनु भनेको थप संकट निम्त्याउनु हो ।

बच्चालाई सकेसम्म प्रकृतिको नजिक लानुपर्छ । खेल्न र रमाउन दिनुपर्छ । सकारात्मक कुराहरू सिकाउनुपर्छ । संभव भएसम्म योग एवं प्राणायाम विधीमा अभ्यस्त गराउनुपर्छ । योगले धेरै किसिमको समस्याबाट उन्मुक्ति दिलाउँछ ।

**पीसीआईटी थेरापी**

डिप्रेसनबाट उन्मुक्ति दिलाउने एउटा काइदा हो, पीसीआइटी थेरापी । पीसीआइटी अर्थात प्यारेन्ट चाइल्ड इन्ट्रक्सन थेरापी ।

यसको अर्थ हो बच्चाको उमेर, मनोविज्ञान अनुसार उनीहरूलाई बुझ्ने प्रयास । यस थेरापीमा बच्चा र आमाबुबाको सम्बन्ध कस्तो छ ? भन्ने कुराको जानकारी लिइन्छ । त्यसपछि उनीहरूबीचको समस्या के हो सो निर्क्योल गरिन्छ ।

बच्चा र अभिभावकवीचको सम्बन्धबाट नै यसको समधान खोजिन्छ । बच्चाको मनोविज्ञान अनुरूप अभिभावकले कस्तो व्यवहार गर्ने भन्ने कुरा यस अन्तर्गत पर्छ ।

# अध्ययन भन्छ- "भान्साको कामले मानसिक तनाव कम गर्छ"

विभिन्न अध्ययनले के देखाएको छ भने, भान्साको कामले कतिपय मानसिक तनाव कम गर्छ । जब तपाईं कुनै मिठो खानेकुरा बनाउने सोच्नुहुन्छ । थरीथरीका सागसब्जी तयार गर्नुहुन्छ । नयाँ नयाँ परिकार बनाउने अभ्यास गर्नुहुन्छ । तपाईंको ध्यान ति परिकारमा केन्द्रित हुन्छ । अन्यत्र ध्यान जाँदैन ।

खानेकुरा आफुले भनेजस्तै स्वादको बन्छ ? आफुले तयार गरेको परिकार खाएर अरूले के भन्छन् ? उनीहरू नयाँ स्वादमा रमाउनेछन् ? यस्ता कौतुहलताले खुसी पनि दिन्छ । भान्साको काममा सबै सहभागी हुने । थरीथरीका परिकार बनाउने । कसरी परिकार स्वस्थ्य हुन्छ ? कसरी मिठो हुन्छ ? कसरी स्वादमा विविधता ल्याउन सकिन्छ ? यस्ता कुरामा रमाइलो होडबाजी गर्न सकिन्छ । खाना पकाउनु आफैमा कला हो । यसलाई 'पाककला' भनिन्छ ।

कुन खानेकुरा कसरी पकाउने ? कसरी पकाउँदा मिठो हुन्छ ? कसरी पकाउँदा छिटो हुन्छ ? कसरी पकाउँदा स्वस्थ्यकर हुन्छ ? यी ज्ञान खाना पकाउनेसँग हुन्छ । भान्सा भनेको हाम्रो खानाको स्रोत हो । खाना भनेको प्राण हो । खाना नै ति सम्पूर्ण स्रोत हुन्, जसले हामीलाई पोषण दिन्छ ।

त्यसो हो भने हामीले स्वास्थ्य एवं तन्दुरूस्त जीवनका लागि भान्सालाई महत्व दिनुपर्छ । यदि भान्सामा राम्रो खानेकुरा भएन, पकाउने शैली राम्रो भएन, फोहोर भयो भने त्यसले परिवारलाई रोगी बनाउँछ । यी कुरा सबैले बुझेका छन् ।

तर नबुझेका कुरा के भने, भान्साको काम गृहणीले मात्र गर्नुपर्छ । अर्थात छोरी–बुहारीले मात्र भात–भान्साको काम गर्नुपर्छ । मानौ, भान्साको काम छोरी–बुहारीको पेवा हो ।

यो पुरातन मान्यता हो । घर–परिवारमा कामको बाँडफाड सन्तुलित र न्यायोचित ढंगले हुनुपर्छ । यसर्थ छोरी–बुहारीले भात वा भान्साको काम सम्हाल्नु हुँदैन भन्ने होइन । यद्यपी भान्साको काममा परिवारका सबैले मिलिजुली किन नगर्ने ?

श्रीमान्ले सागसब्जी पकाइरहँदा श्रीमतीले अचार बनाउन सक्छिन् । यसमा छोराछोरी पनि सहभागी हुन सक्छन् । सबैले मिलिजुली काम गर्दा भान्साको माहौल रमाइलो हुन्छ । साथसाथै खानामा विविधता पनि ।

सधै एकैथरी हातले पकाएको खानेकुरा स्वादिलो नहुन सक्छ । वा एकैथरी स्वाद हामीलाई मन नपर्न सक्छ । जब परिवारका सबै सदस्यले आ–आफ्नै ढंगले परिकार बनाउँछन्, स्वादमा विविधता आउँछ । खाना पस्कने क्रममा होस् वा खाना खाइरहँदा, एक कसिमको रोमाञ्चकता पनि हुन्छ ।

साथै कुनैपनि खानालाई फरक स्वादमा बनाउन सकिन्छ । थरीथरीको परिकारबाट एकैथरी स्वाद निकाल्न सकिन्छ । खाना पकाउनु आफैमा कला हो । भान्साको काम बोझ होइन, एक कला हो । सीप हो । सीपालु हातले नै



मिठो र स्वस्थ्यकर खाना बनाउन सक्छन् ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# पर्यटक तान्दै 'बुङ्दल झरना'



◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिका वडा नम्बर–५ र भीमफेदी गाउँपालिका वडा नम्बर–७ को वीचमा रहेको बुङ्दलको प्राकृतिक झरनालाई पर्यटकीय गन्तब्यका रूपमा अगाडी वढाइने भएको छ । दुबै गाउँपालिकाका जनप्रतिनिधिहरूले स्थलगत रूपमा अवलोकन गरेपछी यस क्षेत्रलाई पर्यटकिय गन्तब्यका रूपमा अगाडी वढाउन तयार रहेको बताएका हुन् ।

मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष विदुर हुमागाँई र भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, उपाध्यक्ष पार्वती राना लगायतकाको टोलीले बुङ्दलको झरनाको निरिक्षण गरेपछी यसक्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नका लागि दुबै गाउँपालिकाले खर्च गर्ने भएका हुन् । यसको समग्र बिकाशका लागि गुरूयोजना निर्माण गरि सदाबहार रूपमा आकर्षक गन्तव्य बनाउन सकिने भएकाले सोहिअनुसार अगाडि बढाउने गढी गाउँपालिकाका अध्यक्ष हुमागाईले बताए ।

यस झरनामा हेटौंडा उपमहानगरपालिका, गढी, भीमफेदी लगायतका क्षेत्रका नागरिकहरू घुम्नका लागि जाने गरेका छन् । विदाको समयमा यहाँ फोटो खिचाउन र पानीमा रमाउनेहरू धेरै हुने गरेको स्थानीय वासिन्दाहरूले बताएका छन् ।

## हेटौडा–काठमाण्डौं
# रोप-वे अलपत्र, तार, र डिब्बा हराउन थाल्यो



◆ सृजना नेपाल

हेटौंडाबाट भीमफेदी हुँदै काठमाडौं जाँदा ठाउँ-ठाउँमा तारमा डिब्बा झुण्डिएको देखिन्छ। त्यो डिब्बा कुनै समय सामान ओसारपसार गर्ने भरपर्दो उपकरण थियो । जसलाई रोप–वे नामले चिनिन्थ्यो ।

पछिल्लो समय आधुनिकतामा विकसित यातायातका विभिन्न सवारीसाधनसँगै ऐतिहासिक महत्व बोकेको रोप–वे एकादेशको कथामा थन्किन पुगेको छ। कतिपय पछिल्लो पुस्ताहरूलाई मकवानपुरमा रोप–वे पनि सञ्चालन हुन्थ्यो भन्ने जानकारी पनि छैन। लामो समयदेखि सञ्चालन हुन नसकेको रोप–वे सञ्चालनमा सरोकारवालाले समयमा ध्यान नदिँदा यसको अस्तित्व नै समाप्त हुने अवस्थामा पुगेको छ । राणा प्रधानमन्त्री चन्द्र शम्शेरको पहलमा १९६३ सालमा अमेरिकी सरकारको सहयोगमा रोप–वे निर्माण भएको थियो। नेपालकै पहिलो रोप–वे को रूपमा स्थापना भएको हुनाले यसको नाम नेपाल रोप–वे राखिएको थियो । यातायातको कुनै पनि सुविधा नभएको समयमा सामग्री ढुवानीको लागि पहिलो साधनको रूपमा स्थापना भयो नेपाल रोपवे ।

स्थापना हुँदा मकवानपुरको धोर्सिङदेखि काठमाडौंको मातातीर्थसम्म सञ्जाल रहेको थियो। त्यस समय काठमाडौंको भन्सार टेकुमा रहेका कारण मातातीर्थसम्म रोपवेबाट पुगेका सामग्रीहरू ट्रली निर्माण गरी टेकु पुऱ्याउने गरिएको थियो ।

वि.सं. २०११ सालको बाढीपहिरोले धोर्सिङस्थित पावरहाउस ध्वस्त भएपछि यसको मर्मत र विस्तार गरियो र २०१६ सालमा फेरि रोपवे हेटौंडा–मातातीर्थ–टेकुसम्म निर्माण गरी २०२० सालबाट सञ्चालन हुन थालेको थियो ।

अमेरिकी सहयोगमा ६४ लाख अमेरिकी डलर खर्च गरेर निर्माण भएको रोपवेले एक किलो सामाग्रीको ५ पैसाका दरले ढुवानी गर्थ्यो । त्यसअघि सामान ढुवानी गर्दा रोपवेमा प्रतिकिलो एक पैसामात्र खर्च हुने गरेको यस सम्बन्धी जानकारहरू बताउँछन् । त्यतिबेलाका बासिन्दाहरू रोपवे स्थापनालाई नयाँ युगको शुरूवातको रूपमा लिने गर्दथे र यसको प्रशंसा नगर्ने कमै मानिस भेटिन्थे । तर, अहिले तारमा झुण्डिएका डब्बाहरूमा झार उम्रिएका छन्, रोपवेका कारण घर नबनेका स्थानहरूमा अहिले धमाधम घर निर्माण हुन थालेका छन् ।

हेटौंडा–मातातीर्थ–टेकुसम्म फैलिएको रोपवेको लम्बाइ ४२।२ किलोमिटर रहेको थियो । २०२० सालबाट सञ्चालन शुरू गरेको रोपवेका ८ वटा टर्मिनल र ७ वटा स्टेशनहरू रहेका थिए भने ३५३ वटा टावर थिए। शुरूमा ३६० वटा डम्बा (क्यारिएर) रहेकोमा २०५५ सालसम्म आइपुग्दा घटेर १६० वटा मात्र बाँकी रहेको थियो ।

रोपवको एउटा डब्बाले हेटौंडाबाट काठमाडौं जाँदा ५५० किलो र काठमाडौंबाट हेटौँडा आउँदा २७५ किलो बोक्ने गरेको थियो। ४५० हर्सपावरको रोपवेको क्षमता हेटौंडाबाट काठमाडौं जाँदा २२ टन प्रतिघण्टा र काठमाडौंबाट हेटौँडा आउँदा ११ टन प्रतिघण्टा भारवहन क्षमता थियो । तत्कालीन समय रोपवे सञ्चालन हुँदा सामग्री ओसारपसारका लागि तीन दिनसम्म कुर्नुपर्ने अवस्था थियो । रोप–वे ले दैनिक १० घण्टा चलेर २२० टन सामान ओसारपसार गर्थ्यो । श्रम तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गत सञ्चालित रोपवे सेवामा ९०० जना रोजगार थिए भने ४ घण्टामा हेटौंडाको सामान काठमाडौं पुऱ्याउने गरिन्थो ।

रोपवेको हेटौंडा, भैसे, भीमफेदी, गोल्फिङ, जुरिखेत, नयाँगाउँ र थाक्सिङ र काठमाडौंको टेकुमा स्टेशन रहेको थियो । तत्कालीन अवस्थामा करिब ४ लाख रूपैयाँ खर्चिएर भैँसेस्थित जेनेरेटर मर्मत नगर्दा नेपालको पहिलो रोपवे बन्द भएको थियो । २०५६ सालदेखि बन्द भएको रोपवे सेवा सञ्चालन गर्ने नेपाल यातायात संस्थानलाई अर्थमन्त्री महेश आचार्य र प्रधानमन्त्री शेरबहादुर देउवाको कार्यकालमा २०५९ सालको मन्त्रिस्तरीय निर्णयपछि पूर्णरूपमा खारेज गरिएको थियो ।

अर्थ मन्त्रालयले रोपवेलाई निजीकरण गरी सञ्चालन गर्ने भन्दै २०६१ सालमै मूल्याङ्कर्ता नियुक्त गरी निजीकरण प्रयास थालेको थियो । रोपवेका सामानको मूल्याङ्कन उतिबेलै करिब २९ करोड रूपैयाँ बराबर गरिएको थियो। २०६२ मा रोपवे सञ्चालन गर्न अर्थले आशयपत्र मागेको थियो भने तीनवटा निजी कम्पनीले प्रस्ताव पेश गरेका थिए । तर, कुनै निर्णय भने हुन सकेन ।

सञ्चालन हुन नसकेर करिब २० वर्ष अघिदेखि तारमै झुन्डिएर बसेको रोप–वे सञ्चालन सम्भावनाबारे अध्ययन गर्न बागमती प्रदेश सरकारले चासो देखाएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्ष ०७८र७९ मा रोपवे सञ्चालनको सम्भाव्यताको अध्ययन गर्न १६ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रवक्ता नविन सिंहले रोप–वे लाई पुनः सञ्चालनमा ल्याउन सकिन्छ कि सकिँदैन भन्ने विषयमा अध्ययन गर्न बजेट विनियोजन गरिएको बताए ।

उनले मन्त्रालयअन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयमार्फत यसको अध्ययन गर्न सरकारले बजेट विनियोजन गरेको जानकारी दिए । निर्देशनालयका सहदेव भण्डारीले रोप–वेको इतिहास, त्यसको वर्तमान अवस्था र पुनः सञ्चालनमा ल्याउने सम्भावनाको बारेमा अध्ययन अनुसन्धान गरिने बताए । उनले मन्त्रालयबाट अध्ययन अघि बढाउन बजेट आइनसकेको भन्दै बजेट आउनासाथ रोप–वे पुनः सञ्चालन सम्भावनाको अध्ययन कार्य शुरू गरिने बताए ।

# बागमतीको बेरुजू ७२ करोड ५२ लाख रूपैयाँ

◆ विकास संवाददाता

बागमतीका निवर्तमान मुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको तत्कालीन प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ मा ऐनविपरीत अर्बौं रूपैयाँ अनुदान वितरण गरेको पाइएको छ। महालेखा परीक्षकको ५८ औं प्रतिवेदनमा उल्लेख भएअनुसार कार्यविधि निर्माणको आधार नखुलाई १ अर्ब ६५ करोड ६७ लाख, संस्था तोकेर १ अर्ब ३७ करोड ४५ लाख र परामर्शदाताले नपाउने १२ लाख अनुदान गरी ३ अर्ब ३ करोड २४ लाख रूपैयाँ वितरण गरिएको हो ।

विशेषगरी प्रदेशको भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र मातहतका निकायबाट विभिन्न व्यक्ति तथा संस्थालाई १ अर्ब ६५ करोड ६७ लाख रूपैयाँ अनुदान ऐनविपरीत प्रदान गरिएको छ । बाँकी रकम विभिन्न मन्त्रालय तथा मातहतका कार्यालयबाट वितरण गरिएको हो। 'संघीय सरकार, प्रदेश मन्त्रालय, पशु तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेनरी अस्पताल, पशु सेवा विज्ञ केन्द्र कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा स्थानीय तहबाट समेत सीमा निर्धारण नगरी एकै प्रकृतिको अनुदान कार्यक्रम एकभन्दा बढी निकायबाट दिने गरेको र दिएको अनुदानको केन्द्रीकृत अभिलेख राख्ने नगरेबाट एकै कृषक पटक–पटक लाभग्राही भएको पाइएको छ,' महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

प्रदेश सरकारले लागू गरेको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता निर्देशिका, २०७५ को सीमा रकमलाई पूर्णरूपमा बेवास्ता गर्दै ३३ करोड १४ लाख ४२ हजार रूपैयाँ बराबरको सवारीसाधन खरिद गरेको छ । महालेखाले समयमै निर्माण सम्पन्न नगर्ने एउटै व्यवसायीबाट २७ लाख ५४ हजारसहित कुल २ करोड ६१ लाख ९० हजार पैयाँ क्षतिपूर्ति असुल गर्न नसकेको समेत उल्लेख गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय हेटौंडाले काठमाडौंमा सम्पर्क कार्यालय स्थापना गरी पारिश्रमिक तथा कार्यालय सञ्चालनमा ५ लाख ६१ हजार रूपैयाँ खर्च गरेको छ । उक्त खर्चलाई महालेखाले कानुनविपरीत भनेको छ ।

बागमती प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले मातहतको निकायबाट सञ्चालन गर्नुपर्ने भू–संरक्षण तथा तटबन्धन निर्माणलगायत विभिन्न ६३ वटा कार्यमा मन्त्रालयले सोझै ९ करोड ८ लाख ८९ हजार रूपैयाँ भुक्तानी गरेको प्रतिवेदनमा उल्लेख छ । प्रदेश सरकार मातहतका १९१ वटा सरकारी र अन्य संस्था तथा समितिको आव २०७६/०७७ मा ७२ करोड ५२ लाख २९ हजार रूपैयाँ बेरूजु देखिएको छ । प्रदेशमा बेरूजु प्रतिशत १ दशमलव ४२ प्रतिशत रहेको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

### नेपाल पत्रकार महासंघको दामनमा

# पत्रकार पेन्सन देशैभर लागू गराउन पहल गरिने

◆ विकास संवाददाता




नेपाल पत्रकार महासंघको मकवानपुर दामनमा सम्पन्न बैठकले पत्रकार पेन्सन कार्यक्रम अरू जिल्ला र केन्द्रले पनि लागू गर्नका लागि प्रोत्साहन गर्ने निर्णय गरेको छ ।

थाहानगरको दामनमा सम्पन्न बैठकले पत्रकार पेन्सनकोष लागू गर्नका लागि प्रोत्साहन गर्ने भएको छ । पत्रकार महासंघ केन्द्रीय बैठकले मकवानपुर जिल्ला शाखाले थालेको जेष्ठ पत्रकार पेन्सन कोषका लागि शाखालाई धन्यवाद दिंदै अन्य जिल्ला र केन्द्रमा पनि यस्तो कोष सञ्चालनका लागि प्रोत्साहन गर्ने निर्णय गरिएको हो ।

यसअघि नेपाल पत्रकार महासंघ मकवानपुर साखाको निवर्तमान अध्यक्ष हरि हुमागाईको नेतृत्वको कार्यसमितिले जेष्ठ पत्रकार पेन्सन कार्यक्रम लागू गरेर मासिक ४ हजार रूपैयाँका दरले पेन्सन रकम वितरण गरिरहेको छ । नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको तेस्रो पूर्ण बैठकले पत्रकार महासंघको तीन वर्षे कार्ययोजना तयार गरेको छ । दामनमा बसेको बेठकले तीन वर्षे कार्ययोजना अन्तर्गत प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, संगठन पुनर्संरचना, श्रमजीवी पत्रकारको हित, कोरोनाले मिडियामा पारेको असरलगायतका विषयमा छलफल गरी कार्ययोजना तयार गरेको हो ।

### *नेपाल पत्रकार महासंघद्वारा जारी दामन घोषणापत्र*

२०७८ भदौ ९ गते मकवानपुरको थाहा नगरपालिकास्थित दामनमा बसेको नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको तेस्रो पूर्ण (प्रथम कार्यमूलक) बैठकले यो घोषणापत्र जारी गरेको छ ।

१. संघीय संसदमा विचाराधीन अवस्थामा रहेका मिडिया काउन्सिल सम्बन्धी विधेयक, सूचना प्रविधि सम्बन्धी विधेयक र सार्वजनिक सेवा प्रसारण सम्बन्धी विधेयकहरूलाई संविधानको परिकल्पना अनुसार पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति हुनेगरी आवश्यक संसोधन गर्न आह्वान गर्दै अवश्यकता त्यसका लागि संसदीय समितिलगायत सरोकारवाला निकायसँग छलफल गर्ने निर्णय गरेको छ ।

२. प्रदेश र स्थानीय तहले मिडिया प्रवर्द्धन गर्ने कानून ल्याउनु पर्नेमा मिडिया नियमन गर्ने नाममा प्रेस स्वतन्त्रताका मूलभुत मान्यताकोविरूद्ध हुने खालका कानून निर्माण प्रकृया अघि बढाएको पाइएकाले त्यस्ता कानूनलाई प्रेसमैत्री बनाउन बैठकले सम्बन्धित प्रदेश तथा स्थानीय तहसँग माग गरेको छ ।

३. श्रमजीवी पत्रकारहरूको समस्या समाधानका लागि दबाब, छलफल, कानूनी प्रकृया र प्रदर्शन लगायत संघर्षका कार्यक्रमलाई निरन्तरता दिने निर्णय गर्दै सामूहिक सौदावाजीमार्फत श्रमजीवी पत्रकारहरूको हकहित रक्षा गर्न अगाडि बढ्ने निर्णय गरेको छ ।

४. कोभिड १९ महामारीका कारण समस्यामा परेका साना लगानीमा सञ्चालित स्वरोजगारमुलक तथा विभिन्न मातृभाषाका सञ्चारमाध्यमको दिगो र भरपर्दो ढंगले सञ्चालन गर्नका लागि हाल सरकारले प्रदान गर्दै आएको लोककल्याणकारी विज्ञापन वृद्धि गर्नका लागि सरकारसंग माग राख्ने साथै स्थानीय तह तथा प्रदेश सरकारका निकायहरूबाट उपलव्ध हुने विज्ञापन स्थानीय सञ्चार माध्यमहरूमै अनिवार्य रूपमा प्रकाशन र प्रसारण गर्न आवश्यक कानुन तथा नीतिहरू तत्काल परिवर्तन गर्न आव्हान गरेको छ । साथै समानुपातिक विज्ञापन प्रणाली तत्काल लागू गर्न माग गरेको छ ।

५. हाल कायम रहेको दुर्घटना बीमालाई प्रभावकारी बनाउँदै र स्वास्थ्य बीमाका लागि पहल गर्ने र सबै सरकारी अस्पतालमा पत्रकारको निःशुल्क उपचार गर्ने बजेटको व्यवस्थालाई कार्यान्वयन गर्न संवाद तथा छलफलका माध्यमबाट पहल गर्ने निर्णय गरेको छ ।

६. महासंघको सदस्यता शुद्धीकरणका लागि राजनीतिक दलको कार्यकारी भूमिकामा कायम रहेकाहरूको सदस्यता खारेज गर्नुका साथै निरन्तर दुई वर्षसम्म सदस्यता नवीकरण नगरेका सदस्यहरूको सदस्यता खारेज गर्ने निर्णय गरिएको छ । आवश्यक परेमा विधानसभा आयोजना गरी सदस्यता शुद्धीकरण तथा सांगठनिक संरचनामा आवश्यक फेरबदल गर्ने निर्णय गरिएको छ ।

७. महासंघको केन्द्रीय साधारणसभाबाट स्वीकृत सदस्यले मात्रै महाधिवेशनमा मताधिकार दिने गरी विधान संशोधनको प्रस्ताव आगमी साधारणसभामा पेश गर्ने निर्णय गरेको छ ।

८ महासंघलाई थप समावेशी बनाउन र पछाडि पारिएका समुदायका पत्रकारलाई महासंघको नेतृत्वमा ल्याउनका लागि विधान संशोधन प्रस्ताव ल्याउने र पत्रकार महिला, दलित, आदिवासी जनजातिसहित समावेशी क्षेत्रका पत्रकारहरूको गुणात्मक संख्या बढाउन प्रोत्साहन गर्ने गरी तालिम सञ्चालन गर्ने निर्णय गरिएको छ ।

९. मकवानपुर जिल्ला शाखाले थालेको वरिष्ठ पत्रकार पेन्सन कोषका लागि शाखालाई धन्यवाद दिंदै अन्य जिल्ला र केन्द्रमा पनि यस्तो कोष सञ्चालनका लागि प्रोत्साहन गर्ने निर्णय गरिएको छ ।

१०. मोफसलमा क्रियाशील सञ्चार कर्मीका लागि पेशागत दक्षता अभिवृद्धि गर्न तालिम तथा आवश्यक कार्यक्रम सञ्चालन गर्ने र विधागत पत्रकारितालाई प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय विधागत संस्थाहरूसँग समन्वय गर्ने र भाइचारा अभिवृद्धि गर्ने निर्णय गरेको छ । यसका लागि एसोसियट प्रदेश समिति तथा संस्थाहरूसँग समन्वय गर्ने ।

११. काठमाडौं उपत्यकाबाट नजिकै रहेको उत्तरी मकवानपुरको पर्यटकीय गन्तव्य दामनसहित ऐतिहासिक टिस्टुङ, पालुङ र चित्लाङ लगायत समग्र मकवानपुरको पर्यटकीय विकास र प्रवर्द्धनका लागि प्रदेश तथा संघीय सरकारलाई विशेष योजना ल्याउन आग्रह गर्दै यस क्षेत्रको ऐतिहासिक, सांस्कृतिक र पौराणिक महत्व उजागर गर्न र अध्ययन गर्न चाहने पत्रकारहरूका लागि स्थानीय सरकारले पत्रकार लेखनवृत्ति वा छात्रवृत्ति स्थापना गर्नका साथै पुरस्कार, अनुभव आदानप्रदान तथा भ्रमण कार्यक्रमहरू सञ्चालन गर्न सम्बद्ध सबैसँग यो बैठक आग्रह गर्दछ ।

१२. दामन मकवानपुरमा जन्मिएका थाहा आन्दोलनका अभियन्ता स्वर्गीय रूपचन्द्र विष्टले सुरूवात गरेको थाहा अभियान (सूचनाको हक) ले नै सूचनाको हक जागरणमा चेतना वृद्धि गरेको स्मरण गर्दै संघीय, प्रदेश तथा स्थानीय सरकारका गतिविधिहरू पारदर्शी र जनताप्रति उत्तरदायी पार्नका लागि सूचनाको हकलाई थप प्रभावकारी र पारदर्शी पार्न माग गरेको छ ।

१३. नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको तेस्रो पूर्ण बैठक पर्यटकीयस्थल मकवानपुर को दामनमा आयोजना गर्न संयोजन तथा सहयोग गर्ने नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखालाई यो बैठक हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

# इन्द्रसरोवरले सुविधा सम्पन्न प्रशासकीय भवन बनाउने



◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको सुविधा सम्पन्न प्रशासकिय भवन निर्माण हुने भएको छ । प्रशासकिय भवन निर्माण गर्नका लागि राष्ट्रिय दैनिक पत्रिकामा ठेक्का समेत प्रकाशन भैसकेको छ ।

गाउँपालिकाको प्रशासकिय भवन, इजलास, पर्खाल समेत गरेर १२ करोड ३४ लाख रूपैयाँमा ठेक्का आवहान गरिएको गाउँपालिकाका इन्जिनियर आदर्श पोखे्रलले बताए ।

साढे दुइवर्ष भित्रमा भवन निर्माण गरिसक्ने लक्ष राखिएको छ । प्रशासकिय भवन पाँच तलाको निर्माण गर्न लागिएको उनले जानकारी दिए । इन्द्रसरोवर गाउँपालिका वडा नम्बर-२ खानीखेतमा भवन निर्माण गर्न लागिएको हो ।

एउटा हल सहित ४० वटा कोठा निर्माण गर्न लागिएको उनले बताए । संघीय सरकारले भवन निर्माण गर्नका लागि मात्र ५ करोड ४० लाख सहयोग गरेको छ । अरू रकम गाउँपालिकाले खर्च गर्ने भएको छ ।

अहिले साघुरो भवनमा काम गर्नुपर्ने बाध्यतामा रहेको गाउँपालिकाको भवन पर्याप्त कोठा, हलसहितको सुबिधाको निर्माण गरिने भएको छ । गाउँपालिकामा इजलास, बाहिर सार्वजनिक सौचालय, पर्खाल समेत निर्माण गरिने इन्जिनियर पोखे्रलले बताए ।

# लागुऔषध गाँजा सहित एक जनालाई पक्राउ



◆ विकास संवाददाता

मकवानपुर प्रहरीले मिनिट्रकबाट लागुऔषध गाँजा सहित एक जनालाई पक्राउ गरेको छ ।

डाँडाखर्कबाट शिखरकोटतर्फ जाँदै गरेको ना ७ ख ७६६४ नंबरको मिनि ट्रकबाट १ सय ४ किलो लागुऔषध गाँजा सहित मकवानपुरगढी गाउँपालिका वडा नं ८ बुढिचौर बस्ने ४१ वर्षीय अम्बर बहादुर घिसिङलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् डिएसपी जयश्वर रिमालले बताए । यही भाद्र ८ गते प्रहरीले जिल्ला थाहा नगरपालिका वडा नं ३ दोबाटो स्थित सडकखण्डबाट घिसिङको साथबाट उक्त परिमाण लागुऔषध बरामद गरेको हो ।

प्रहरीले ट्रकमा चेकजाँच गर्दा आलुको बोरा लोड रहेको बिचभागमा लुकाएर राखेको अवस्थामा ८ वटा पोकामा गाँजा फेला परेको थियो ।लागु औषध गाँजा, ट्रक र घिसिङलाई नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# बागमतीमा तीन वटा भू तथा जलाधार कार्यालय थपिने

◆ विकास संवाददाता



बागमती प्रदेश सरकारले बाढी, पहिरोको नियन्त्रण गर्नका लागि थप तीन वटा भू तथा जलाधार कार्यालय थप गर्ने भएको छ । आम नागरिकलाई टाढाको कार्यालय धाउनुपर्ने बाध्यता भएकाले कार्यालय स्थापना गर्ने निर्णय गरिएको हो ।

बाढी, पहिरोको समस्या परेका स्थानमा काम गर्नका लागि थप समस्या सृजना भएकाले प्रदेश सरकारको निर्णयबाट तीन वटा कार्यालय थप गर्न लागिएको मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यका निजी सचिब नबराज पुडासैनीले जानकारी दिए । प्रदेश सरकारले मकवानपुर, रामेछाप र नुवाकोट जिल्लामा कार्यालय स्थापना गर्न लागेको हो ।

प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगत रहनेगरी कार्यालय स्थापना गर्न लागिएको हो । तीन वटा थपीएपछी प्रदेश सरकार मातहतको भू तथा जलाधार कार्यालय पाँच वटा पुगेको पुडासैनीले बताए ।

यसैगरी प्रदेश सरकारले हेटौंडामा मात्र स्थापना गरेको पर्यटन विकास आयोजनाको कार्यालय काठमाण्डौ उपत्यकामा पनि पर्यटन आयोजान उपशाखाको रूपमा स्थापना गर्ने भएको छ । प्रदेशका १३ वटै जिल्लाबाट हेटौंडामा काम लिएर आउनुपर्ने बाध्यता भएकाले यो बाध्यतालाई हटाउनका लागि काठमाण्डौं उपत्यकामा उपशाखा स्थापना गर्न लागिएको हो ।

## कारोनाबाट म यसरी जोगिन्छु

- मास्क नलगाई कसैसंग भेटघाट र कुरा गर्दिन । कुराकानी गर्नै परे भौतिक दुरी कायम गरी वा सञ्चारका साधन प्रयोग गर्छु ।
- कुनै वस्तु छोएपछि साबुनपानीले हात धुन्छु वा स्यानीटाइजर प्रयोग गर्छु ।
- भिजेको वा ओस लागेको मास्क प्रयोग गर्दिन ।
- एउटै मास्क लामो समयसम्म लगाउँदिन ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# कहिले होला स्थानीय चुनाव ?

राजनीतिक घटनाक्रमले देशभर चुनावी हल्ला चलिरहेको छ। तर, चुनाव कहिले हुने हो ? अन्योल यथावत छ। सत्तापक्षीय नेताहरू 'अर्ली इलेक्सन' बारे छलफल चलाइरहेका छन् ।

निर्धारित अवधिभन्दा अगाडि निर्वाचन गराउने हो भने स्थानीय तहको निर्वाचन के हुने ? निर्वाचित जनप्रतिनिधिको कार्यकाल समाप्त हुनुअघि गर्न मिल्छ ? यो विषयमा स्थानीय सरकारका जनप्रतिनिधिबीचमै अन्योल देखिएको छ ।

भक्तपुरको चाँगुनारायण नगर पालिकाका नगरप्रमुख सोमप्रसाद मिश्र केन्द्र सरकारले चाहे अवधि सकिनुअगाडि पनि चुनाव हुन सक्ने बताउँछन् । 'चुनाव निर्वाचन भएको मितिले दुई महिना अगाडि गराउन मिल्छ,' उनले भने, 'तर केन्द्र सरकारले घोषणा गर्न सक्छ ।' सरकारले चुनाव घोषणा गरे कानुन संशोधन गरेरै पनि हुने सक्ने उनको तर्क छ ।

मकवानपुरको थाहा नगरपालिकाका नगरप्रमुख लवशेर विष्ट ५ वर्षे कार्यकाल पूरा भएर निर्वाचन हुनुपर्ने बताउँछन् । 'संविधानले दिएको अवधि ५ वर्ष हो,' उनले भने, 'यो अवधिसम्म निर्वाचित जनप्रतिनिधिले काम गर्न पाउनुपर्छ । यसभन्दा अगाडि गराउन मिल्दैन ।' कानुनअनुसार अवधि पूरा भएपछि नयाँ प्रतिनिधि आउनुपर्ने नगरप्रमुख विष्टको भनाइ छ ।

स्थानीय तह निर्वाचन ऐनअनुसार कार्यकाल समाप्त हुनु २ महिना अगाडि निर्वाचन गराउन मिल्ने पूर्वप्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवले बताए । 'निर्वाचन गराउन स्थानीय निर्वाचन ऐनको व्यवस्था छ,' पूर्वआयुक्त यादवले भने, 'ऐनअनुसार कार्यकाल समाप्त हुन २ महिनाअगाडि गर्न मिल्छ ।'

उनका अनुसार निर्वाचान ऐनअनुसार गराउने भएकाले २०७४ वैशाखबाट सुरू भएको निर्वाचनलाई

## कानूनी व्यवस्था नै दुईथरी



साँकेतिक फोटो: गुगलबाट

आधार मानेर आउने फागुनमा स्थानीय तहको चुनाव गर्न सकिन्छ ।

निर्वाचन आयोगका सहप्रवक्ता कोमल धमलाले गाउँसभा, नगरसभा केन्द्र र प्रदेशसभाजस्तो ५ वर्ष अवधि नपुगी विघटन गर्ने व्यवस्था नभएकाले पूरा भएपछि हुनुपर्ने बताए । तर, निर्वाचन ऐनलाई आधार मान्ने हो भने गाउँ, नगर सभाको कार्यकाल समाप्त हुनु २ महिनाअघि गर्न सकिने उनको भनाइ छ ।

'केन्द्र र प्रदेशसभाजस्तो गाउँ, नगर सभा कार्यकाल अवधि अगाडि विघटन गर्न पाइँदैन,' उनले भने, 'तर निर्वाचन ऐनअनुसार स्थानीय तहको कार्यकाल पूरा हुनु २ महिना अगाडि चुनाव गर्न मिल्छ ।'

### संविधान र ऐनमा फरक-फरक व्यवस्था

स्थानीय सरकारको निर्वाचनबारे नेपालको संविधान २०७२ र निर्वाचन ऐन, २०७३ मा भिन्न व्यवस्था छ । नेपालको संविधानको धारा २२५ ले गाउँसभा र नगरसभाको अवधि ५ वर्ष तोकेको छ ।

'गाउँ र नगरसभाको कार्यकाल निर्वाचन भएको मितिले ५ वर्षको हुनेछ,' धारा २२५ मा लेखिएको छ, 'त्यस्तो कार्यकाल पूरा भएको ६ महिनाभित्र अर्को गाउँसभा र नगरसभाको निर्वाचन गर्नुपर्नेछ ।'

संविधानको यो व्यवस्थाले स्थानीय सरकारको निर्वाचन ५ वर्षको कार्यकाल पूरा नभई गर्न नमिल्ने देखिन्छ । तर, स्थानीय निर्वाचन ऐन, २०७३ को दफा ३ मा स्थानीय तहको जनप्रतिनिधिको निर्वाचन गाउँ, नगरसभाको कार्यकाल समाप्त हुनुभन्दा २ महिना अगाडि हुने भनिएको छ ।

संविधान र निर्वाचन ऐनको व्यवस्था नमिलेको आयोगका सहप्रवक्ता धमलाले बताए । 'संविधान र निर्वाचन ऐन बाझिएको छ,' उनले भने, 'ऐनअनुसार गराउँदा २ महिना अगाडि गराउन पाइन्छ । तर, त्योभन्दा अगाडि गराउन कानुनले दिँदैन ।' संघ र प्रदेशसभाको निर्वाचन निर्धारित कार्यकाल अगाडि नै गर्न सकिने भए पनि स्थानीय तहको नमिल्ने उनको भनाइ छ ।


थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

**बालश्रम कानुनबमोजिम दण्डनीय छ ।**
**निकृष्ट बालश्रम मुक्त नगरपालिका स्थापनामा सहभागी बनौं ।**

**बाल श्रम भनेको के हो ?**
कुनै पनि बालबालिकालाई उनीहरुको स्वास्थ्य शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्नुका साथै उनीहरुको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी काममा लगाइनु बालश्रम हो ।





**बालश्रमले बालबालिकामा पर्नसक्ने नकारात्मक असरहरु**



- शारीरिक विकासमा असर पर्न सक्दछ ।
- गम्भीर चोटपटक वा अपाङ्गता हुन सक्दछ ।
- पैसा केन्द्रित मनोवृत्तिको विकास हुन सक्दछ ।
- विद्यालय जानबाट बञ्चित हुन सक्दछन् ।
- खराब व्यक्तिको सङ्गतमा पर्न सक्दछन् ।
- दुर्व्यवहारको शिकार हुन सक्दछन् ।



नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

**सामाजिक सुरक्षा परिचयपत्र**
**नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना**



जेष्ठ नागरिक | एकल महिला | अशक्त/अपाङ्ग | लोपोन्मुख जाति | बालबालिका

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ साल श्रावण १ गतेदेखि २०७८ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा लाभग्राही स्वयं वा संरक्षक/माथवर उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं ।

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर


## थाहा नगरपालिका
*इन्द्रायणी चौर, मकवानपुर*

**सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशित मिति : २०७८/०५/०३

यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५0 प्रतिशत अनुदानमा नमुना टनेल (१000 वर्ग मीटर क्षेत्रफलको टनेलमा मल्चिङ, थोपा सिंचाइसहित) को टनेल बिक्रि गर्नुपर्ने भएको हुँदा थाहानगर भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्मले आवश्यक तपसिलका कागजात सहित यो सूचना प्रकाशित मितिले ३0 दिनभित्र कृषि विकास शाखमाा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशति गरिएको छ ।

**आवश्यक कागजातहरू:**

१. निवेदन–१ प्रति
२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति
३. कृषक समूह/कृषि सहकारी//कृषि फर्मको निर्णय प्रतिलिपी प्रतिलिपी–१ प्रति (टनेल बनाउने व्यक्तिको नामसहित)
४. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति
५. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी–१ प्रति

**थप जानकारीका लागि सम्पर्क:**
**९८४५१0३३४१ र ९८४५0७२२00**

नोट: म्याद नाघि आएका र रीत नपुगेका निवेदनलाई कार्यक्रममा समावेश गरिने छैन ।

– कृषि विकास शाखा

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी